सर्वोच्च अदालत, पूर्ण इजलास
मानननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०८०-WF-०००१

विषयः उत्प्रेषण परमादेश समेत।

| | |
|---|---|
| कोशी प्रदेश, नेकपा (एमाले) प्रदेश संसदीय दलका नेता जिल्ला झापा, गौरादह नगरपालिका वडा नं.३ बस्ने हिक्मतकुमार कार्की----------------------------------१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| माननीय पर्शुराम खापुङ्ग, प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश विराटनगर-१<br>माननीय मुख्यमन्त्री, उद्धव थापा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर----------------------------------------------------------------------१<br>माननीय वाबुराम गौतम, सभामुख, कोशी प्रदेश, कोशी प्रदेश सभा सचिवालय, विराटनगर-१ | प्रत्यर्थी |

नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्ने आदेश भएबमोजिम पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः

तथ्य खण्ड

१. आम निर्वाचन, २०७९ पश्चात् मिति २०७९।९।२४ मा नेपालको संविधानको धारा १६८(२) बमोजिम मेरो नेतृत्वमा तत्कालीन प्रदेश नं. १ परिवर्तित कोशी प्रदेशको सरकार गठन भएको हो। मेरो नेतृत्वमा गठन भएको सरकारले कोशी प्रदेश सभामा विश्वासको मत लिनुपर्ने अवस्था यही मिति २०८०।०२।१९ मा सिर्जना भई मिति २०८०।०३।१४ मा विश्वासको मतको प्रस्ताव पेश गरेकोमा ऐ. असार १५ गते सो प्रस्ताव निणयार्थ पेश हुँदा प्रदेश सभामा कायम रहेको कुल प्रदेश सभा सदस्य संख्या ९३ को बहुमत अर्थात् कम्तीमा ४७ मत प्राप्त गर्नुपर्नेमा मलाई ४६ मत मात्र प्राप्त भई मैले पेश गरेको प्रस्ताव अस्वीकृत हुन गयो। तत्पश्चात् विपक्षी प्रदेश प्रमुखले कोशी प्रदेशको

नयाँ सरकार गठनको लागि मिति २०८०।०३।१७ का दिन नेपालको संविधानको धारा १६८(२) बमोजिम भनी मिति २०८०।०३।२१ गते बेलुकी ५ बजेसम्ममा दावी पेश गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा सो भन्दा बढी राजनीतिक दलहरुलाई आह्वान भएको थियो। २०७९ सालको निर्वाचनमा कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सदस्य संख्या क्रमशः नेपाल कम्युनिष्ट पार्टी (एमाले) ४०, नेपाली कांग्रेस २९, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) १३, राष्ट्रिय प्रजातन्त्र पार्टी ६, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ४ र जनता समाजवादी पार्टी नेपाल १ रहेको छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संसदीय दलका सदस्य विपक्षी सभामुख माननीय बाबुराम गौतम मिति २०७९।०९।२८ मा प्रदेश सभाको सभामुख पदमा निर्वाचित भएपछि प्रदेश सभा सदस्यको सरकार गठनको लागि दिने अभिमत, मताधिकार रहेको एक सिट नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको घटेको अवस्था छ। विपक्षी सभामुखले मिति २०७९।०९।२८ को प्रदेश सभाको बैठकमा **"मैले निष्पक्षताको पदमा आसिन हुँदै गर्दा मेरो हालसम्म रहेको दलसँगको आवद्धता यो सभामुख पदको भूमिका निर्वाह गर्ने कार्यकालसम्म आजैको मितिदेखि अलग भएको"** भनी घोषणा गर्नु भएको छ। तर विपक्षी प्रदेश प्रमुखले सरकार गठनको लागि आह्वान भएको सूचनाबमोजिम विपक्षी मुख्यमन्त्री उद्धव थापालाई मुख्यमन्त्रीको रुपमा नियुक्त गर्ने प्रस्तावमा प्रदेश सभाका अन्य सदस्यको अलावा विपक्षी सभामुखले पनि हस्ताक्षर गरी समर्थन गर्नुभएको छ। सो बमोजिम विपक्षी सभामुखको हस्तांक्षरसहित प्रदेश सभाको बहुमत आफुलाई रहेकोले नेपालको संविधानको धारा १६८(२) बमोजिमको सरकारको लागि प्रदेश सभाको ४७ मत आफुमा रहेको भनी मुख्यमन्त्रीको पदमा आफ्नो नियुक्तिको लागि विपक्षी प्रदेश प्रमुखसमक्ष मिति २०८०।३।२१ मा दावी पेश गर्नु भएछ। उक्त दावीलाई स्वीकार गरी विपक्षी प्रदेश प्रमुखले विपक्षीलाई मुख्यमन्त्रीमा सोही दिन अर्थात् मिति २०८०।३।२१ मा नियुक्त गर्ने निर्णय गर्नुभएको छ। यसरी दावी पेश गर्ने कार्य एवं निर्णय गर्ने कार्य नेपालको संविधान प्रतिकूल छ।

सभामुखको भूमिका प्रदेश सभामा राजनीतिक रुपमा तटस्थ र निष्पक्ष रहनुपर्ने कुरा नेपालको संविधानले स्पष्ट व्यवस्था गरेको छ। कुनै पनि निर्णय प्रदेश सभामा हुन नसक्ने वा अनिर्णयको बन्दी प्रदेश सभा बन्न नजाओस् भनी प्रदेश सभामा हुने निर्णयमा मत बराबर भएमा निर्णायक मत मात्र प्रदान गर्न पाउने अधिकार नेपालको संविधानको धारा १८६ मा व्यवस्था रहेको छ। सो बाहेक प्रदेश सभाको बैठक बाहिर हुने कुनै पनि छलफल, प्रस्ताव, दावी, प्रतिदावीलाई समर्थन गर्ने, प्रस्तावको पक्ष वा विपक्षमा मत जाहेर गर्ने अधिकार विपक्षी

सभामुखलाई नेपालको संविधान एवम् प्रचलित कानूनले कहींकतै पनि दिएको छैन। यसको मूल उद्देश्य भनेको प्रदेश सभाको नेताको रुपमा रहने सभामुखलाई राजनीतिकरुपमा तटस्थ र निष्पक्ष राख्नु हो। यस्तो तटस्थ एवम् निष्पक्ष भूमिकामा रहनुभएका विपक्षी सभामुखले अभिव्यक्त गरेको वा समर्थन गरेको मतलाई देखाएर प्रदेश सभाको सरकारको नेतृत्व आफूले गर्ने भनी विपक्षी मुख्यमन्त्रीले पेश गरेको दावी एवम् सो दावीलाई स्वीकार गर्ने विपक्षी प्रदेश प्रमुखको निर्णय नेपालको संविधान, कानून, विधिको शासन र संसदीय प्रणालीका मान्य सिद्धान्त विपरीत छ। विपक्षी मुख्यमन्त्रीले आफुलाई मुख्यमन्त्रीमा नियुक्ति गरियोस् भनी पेश गरेको दावीमा समर्थन गर्न प्रदेश सभामा सरकार गठनका लागि मत प्रकट गर्न योग्य सदस्य संख्या ४६ सरहको सदस्य सभामुख हुने होइन। आफ्नो मत प्रकट गर्न अयोग्य विपक्षी सभामुखको समर्थन, हस्ताक्षरसमेत गणना गरी प्रदेश सभाको न्यूनतम वहुमत संख्या ४७ रहेको भनी वहुमतको समर्थन देखाउन विपक्षी मुख्यमन्त्रीले मिल्ने होइन। विपक्षी मुख्यमन्त्रीले मिति २०८०।०३।२१ मा मुख्यमन्त्रीमा आफुलाई नियुक्ति गर्नको लागि विपक्षी प्रदेश प्रमुख समक्ष दावी पेश गर्दा दलगतरुपमा योग्य सदस्यको समर्थन संख्या ४६ मात्रै रहेको स्पष्टै छ। विपक्षी सभामुखको समर्थनको हस्ताक्षर कुनै दल विशेषसँग सम्वन्धित हुन सक्ने होइन। विपक्षी मुख्यमन्त्री उद्धव थापालाई मुख्यमन्त्रीमा विपक्षी प्रदेश प्रमुखको नियुक्त दिने निर्णय, पत्राचार सबै नेपालको संविधानको धारा १६८(२) विपरीतको कार्य भएकोले बदरयोग्य छ। प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्ति गर्ने गरी भएको मिति २०८०।३।२१को निर्णय उत्प्रेषणको आदेशले बदर गरी संविधानको धारा १६८(३) बमोजिम निवेदकलाई प्रदेश सभाको सबै भन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतले सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी परमादेशको आदेश जारी गरी पाउँ। साथै, रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने प्रदेश प्रमुखको मिति २०८०।३।२१ को निर्णय, पत्राचार कार्यान्वयन नगरी यथास्थितिमा राख्नु र निज विपक्षी उद्धव थापालाई मुख्यमन्त्रीको रुपमा कुनै पनि काम कारवाही गर्न नदिनु नदिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको कोशी प्रदेश, नेकपा (एमाले) प्रदेश संसदीय दलका नेता हिक्मत कुमार कार्कीले यस अदालतमा दिनु भएको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०८०।४।३ गतेसम्म लिखित जवाफ पेस गर्नू भनी

प्रत्यर्थीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि पेस गर्नू। प्रस्तुत विषय तत्कालै निरुपण गर्नुपर्ने प्रकृतिको देखिँदा माननीय उद्धव थापालाई कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्ति गर्ने सन्दर्भमा पेस भएका प्रस्ताव, समर्थन, दावी, हस्ताक्षर लगायतका सम्पूर्ण कागजात सहित माननीय प्रदेश प्रमुखको मिति २०८०।३।२१ को निर्णयको सक्कल फाइल कोशी प्रदेश प्रमुखको कार्यालयबाट मिति २०८०।४।३ गतेभित्र झिकाउनू। मिति २०८०।४।७ गतेको पेसी तोकी प्रस्तुत मुद्दा सो मितिदेखि निरन्तर सुनुवाइमा राखी निर्णयार्थ पेस गर्नू। प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म दिर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ भन्ने यस अदालतको मिति २०८०।३।२७ को आदेश।

३. लिखित जवाफ प्रस्तुतकर्ता बाबुराम गौतम २०७९ सालमा सम्पन्न भएको प्रदेश सभा सदस्य निर्वाचनमा नेकपा (माओवादी केन्द्र) को तर्फबाट ओखलढुंगा जिल्ला प्रदेश सभा क्षेत्र नं. २ बाट प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको हुँ। मिति २०७९।०९।२८ मा म प्रदेश सभाको सभामुखमा निर्वाचित भईसकेपछि मैले आफू आवद्ध रहेको दलको आवद्धतासँग अलग भई प्रदेश सभामा सभामुखले निर्वाह गर्नुपर्ने भूमिका निष्पक्ष र तटस्थरुपले निर्वाह गर्दै आइरहेको छु। कोशी प्रदेश सभामा मिति २०८०।०३।१५ मा तत्कालीन मुख्यमन्त्री हिक्मत कुमार कार्कीले विश्वासको मत लिने क्रममा ९३ जना सदस्य रहेको प्रदेश सभामा ४६ मत मात्र प्राप्त गरी विश्वासको मत प्राप्त हुन नसकेको अवस्थामा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठनको लागि मिति २०८०।०३।१७ मा कोशी प्रदेशको प्रदेश प्रमुखको कार्यालयबाट मिति २०८०।०३।२१ गते बेलुकी ५ बजेसम्ममा दावी पेस गर्न सूचना आह्वान भएकोमा कोशी प्रदेश सभामा दलहरूको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति उत्पन्न हुन लागेको अवस्थामा नेपालको संविधानले प्रदेश सभाको सभामुखले सरकार गठनको प्रक्रियामा सहभागी हुन रोक लगाउने संवैधानिक व्यवस्था गरेको नदेखिएको अवस्थामा सरकार गठनको लागि प्रदेश सभा सदस्यको हैसियतले असल नियतले कुनै आग्रह पूर्वाग्रह नराखी सरकार गठनमा सहयोग गरेको हो। निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने होईन। रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको माननीय सभामुख बाबुराम गौतम, कोशी प्रदेश सभाको लिखित जवाफ।

४. रिट निवेदक हिक्मतकुमार कार्कीले कोशी प्रदेश सभामा २०८०/३/१५ गते "विश्वासको मत" नपाएपछि प्रदेश प्रमुख माननीय पर्शुराम खापुङ्गले नेपालको संविधाको धारा १६८(२)

बमोजिम सरकार गठनको लागि आह्वान भएबमोजिम चार राजनीतिक दल नेपाली कांग्रेसका २९ जना, ने.क.पा. माओवादी केन्द्रका १२ जना ने.क.पा. एकीकृत समाजवादीका ४ जना र जनता समाजवादी नेपालका १ जना गरी ४६ जना र माननीय बाबुराम गौतमको कुनै पनि राजनीतिक दलसँग आवद्ध नरही एकलरुपमा छुटै समर्थन सहित ४७ जनाको दावी परेको अवस्थालाई संवैधानिक व्यवस्था विपरीत भन्न मिल्दैन। कोशी प्रदेश सभाको कुल सदस्य संख्या ९३ जना रहेकोमा ९२ जना प्रदेश सभाका सदस्य र १ जना प्रदेश सभाका सभामुख भएको अवस्था हो। कोशी प्रदेशको सभामुख मा. बाबुराम गौतम कोशी प्रदेश सभा निर्वाचनबाट निर्वाचित भएका माननीय प्रदेश सभा सदस्य हुन् र मा. बाबुराम गौतम कोशी प्रदेश सभाको सभामुख भएको हुनाले निजको प्रदेश सभा सदस्य पद खारेज हुने होईन। उद्धव थापाले मुख्यमन्त्रीको रुपमा विश्वासको प्राप्त गर्न सक्छन् वा सक्दैन भन्ने तथ्यको परीक्षण नेपालको संविधानको धारा १६८(४) बमोजिम विश्वासको मत लिएपश्चात् मात्र निक्यौंल हुन्छ। नेपालको संविधानको धारा १६८(२) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले धारा १६८(४) बमोजिम विश्वासको मत प्राप्त गर्नलाई प्रदेश सभामा परीक्षण हुनुपूर्व नै उद्धव थापालाई मुख्यमन्त्री नियुक्त गर्ने कार्य कानून विपरीत छ भनी दायर भएको रिट खारेजभागी छ। सर्वोच्च अदालतको संवैधानिक इजलासले दोस्रो प्रतिनिधि सभा विघटन सम्वन्धी मुद्दामा (०७७-WC-००७१) प्रतिपादित सिद्धान्तबमोजिम प्रदेश सभामा बहुमत रहेको वा नरहेको भन्ने परीक्षण गर्नुपूर्व नै प्रदेश सभाको अधिकारलाई कुण्ठित गर्ने गरी यस विषयमा न्यायिक हस्तक्षेप गर्न मिल्दैन। संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकार गठनको एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने सिद्धान्तलाई अंगीकार गरेको छ। नेकपा (एमाले) कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीको पूर्ववर्ति सरकारले कोशी प्रदेश सभामा बहुमत प्राप्त गर्न नसकेपश्चात् वैकल्पिक सरकार गठनको निमित्त मा. उद्धव थापालाई नेपालको संविधानको धारा १६८(२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यको रुपमा मुख्यमन्त्रीको रुपमा नियुक्त गरिएको हो। रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको मा. मुख्यमन्त्री उद्धव थापा, कोशी प्रदेशको लिखित जवाफ।

५. मिति २०८०/०३/१४ गते विश्वासको मत प्राप्त होस् भनी तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेश सभामा राख्नु भएको प्रस्तावमा मिति २०८०/०३/१५ गते सो प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुँदा आवश्यक बहुमत पुग्न नसकी विश्वासको मत गुमाएपछि मुख्यमन्त्री पद रिक्त हुन पुगेकोले मैले नेपालको महान्यायाधिवक्ताको रायसमेतको आधार लिई नेपालको संविधानको भावना र मर्मलाई आत्मसात् गर्दै कोशी

प्रदेशमा नयाँ सरकार गठनको लागि नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मिति २०८०/०३/१७ गते ५ दिनको समयसीमा राखी मिति २०८०/०३/२१ गते बिहिबार अपरान्ह ५ बजेसम्ममा कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाका सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गरी प्रदेश सरकार गठन गर्नको लागि दावी पेस गर्न आह्वान गरेको थिएँ। सो बमोजिम मिति २०८०/०३/२१ गते अपरान्ह ४ बजेर ५२ मिनेटमा कोशी प्रदेश सभाका माननीय सदस्य उद्धव थापाबाट सरकार गठनको लागि कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरू नेपाली कांग्रेस, ने.क.पा. (माओवादी केन्द्र), ने.क.पा. (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी, नेपालसमेतको समर्थनसहित दावी पेस भएको थियो। प्रदेश सभाका सदस्य उद्धव थापाबाट दलहरूको समर्थनसमेतको दावी पेस भएपछि नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभा सदस्य उद्धव थापालाई सोही दिन कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त गरेको हुँ। रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको कोशी प्रदेशका प्रदेश प्रमुखको तर्फबाट पेश भएको लिखित जवाफ।

६. प्रस्तुत निवेदनको विषयवस्तु हेर्दा जटिल कानूनी प्रश्न समावेश भएको देखिएको र त्यसको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) (ग) बमोजिम मिति २०८०।४।९ गते पूर्ण इजलासमा पेस हुने गरी पेसी तोकी नियमबमोजिम पेस गर्नू भन्ने यस अदालतबाट मिति २०८०।४।८ मा भएको आदेश।

## यस अदालतको आदेश

७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णायार्थ यस पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत विवादमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री बद्रीबहादुर कार्की, श्री टीकाराम भट्टराई, श्री उषा मल्ल पाठक, डा. श्री सुरेन्द्र भण्डारी, डा. श्री कुमार शर्मा आचार्य, श्री माधवप्रसाद बास्कोटा, श्री कृष्णभक्त पोखरेल, श्री महेश नेपाल, श्री इश्वरीप्रसाद भट्टराई, श्री रविनारायण खनाल, श्री सानुराज पोखरेल, श्री केदारप्रसाद दाहालका साथै विद्वान् अधिवक्ताहरु डा. श्री भिमार्जुन आचार्य, श्री भोजराज आचार्य, श्री अमर थापा, श्री केदारप्रसाद कोइराला, श्री रत्नकुमार खरेल, श्री ताराकुमार श्रेष्ठ, श्री कृष्णकुमार आङदेम्बे, श्री रविन्द्रकुमार ढुंगाना, श्री राधिका खतिवडा, श्री खिनादेवी ढकाल, श्री मुकुन्द अधिकारी, श्री देवराज खरेल, श्री आशिष उप्रेती, श्री क्रान्ति भट्टराई, श्री कृपा पोखरेल, श्री गुरुभक्त निरौला, श्री विष्णुप्रसाद खनाल, श्री सुजन राई, श्री उपेन्द्र रावत, श्री

देवराज कार्की र श्री राजाराम घिमिरेले मिति २०७९।०९।२४ मा नेपालको संविधानको धारा १६८(२) बमोजिम निवेदकको नेतृत्वमा गठित कोशी प्रदेश सरकारले प्रदेश सभामा विश्वासको मत लिनुपर्ने अवस्था रही विश्वासको मतको लागि प्रस्ताव पेश गरेकोमा मिति २०८०।०३।१५ मा सो प्रस्ताव निणर्यार्थ पेश हुँदा अस्वीकृत भएको अवस्था हो । तत्पश्चात् विपक्षी प्रदेश प्रमुखले कोशी प्रदेशको नयाँ सरकार गठनको लागि मिति २०८०।०३।१७ मा नेपालको संविधानको धारा १६८(२) बमोजिम मिति २०८०।०३।२१ गते बेलुकी ५ बजेसम्मको समय दिई दावी पेश गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुलाई आह्वान भएको हो । सो बमोजिम विपक्षी प्रदेश प्रमुखसमक्ष माननीय उद्धव थापाले कोशी प्रदेश सभाका ४७ जना माननीयहरुको समर्थन रहेको भनी मुख्यमन्त्रीमा नियुक्तिका लागि मिति २०८०।३।२१ मा दावी पेश गरेको अवस्था हो । सो दावी पत्रमा विपक्षी कोशी प्रदेश सभाका सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षर पेस भएकोले निष्पक्ष र तटस्थ भूमिकामा रहनुपर्ने सभामुखको हस्ताक्षरसमेतको दावीलाई स्वीकार गरी विपक्षी माननीय उद्धव थापालाई मिति २०८०।३।२१ मा मुख्यमन्त्रीमा नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णय गैर संवैधानिक हुनाका साथै संसदीय शासन प्रणालीको मान्यता विपरीत रहेको छ ।

नेपालको संविधानको धारा १८२ को उपधारा ६ (ग) बमोजिम सभामुखले पद अनुकूलको आचरण नगरेकोमा दुई तिहाइ सदस्यले हटाउन सक्ने भएपनि हाल प्रदेश सभाको गणितले त्यो सम्भव नभएको ठानी सभामुखले मुख्यमन्त्रीको दावी पत्रमा समर्थन गरेको अवस्था छ। धारा १८६ बमोजिम प्रदेश सभामा मत बराबर भई अनिर्णयको अवस्थामा सभामुखले निर्णायक मत दिन सक्ने हुन्छ । नेपालको संविधानले सरकार गठनमा कसैलाई समर्थन गर्ने, नगर्ने भन्ने अधिकार विपक्षी सभामुखलाई संविधानले दिएको छैन। कोशी प्रदेश सभा नियमावली २०७४ को नियम २ को खण्ड (थ) ले सदस्यको र (न) ले सभामुखको परिभाषा गरेको छ। सभामुखको काम संविधानको धारा १८२(४) अनुसार प्रदेश सभाको अध्यक्षता गर्ने काम मात्र हो। यस्तो तटस्थ, निष्पक्ष र दलविहीन रेफ्रीको भूमिकामा रहनु पर्ने विपक्षी सभामुखले दलको सदस्य सरह अभिमत प्रकट गरेको हस्ताक्षरको मत निजले सभामुखमा निर्वाचित भएपछि मिति २०७९।९।१८ मा कोशी प्रदेश सभामा आफ्नो दलसँगको आबद्धताबाट अलग भएको भनी गरेको घोषणाको विपरीत हुनका साथै संवैधानिक नैतिकताको सिद्धान्त विपरीत रहेको छ।

नेपालको संविधानको धारा १६८(२) बमोजिम सरकार गठन भई विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संविधानले गरेको व्यवस्था र यस अदालतबाट स्थापित

न्यायिक सिद्धान्तको विपरीत पुनः धारा १६८(२) बमोजिम सरकार गठनका लागि आह्वान भै सरकार गठन भएबाट कोशी प्रदेश, नेकपा (एमाले) प्रदेश संसदीय दलका नेतासमेत रहेका निवेदकको धारा १६८(३) बमोजिम प्रदेश सभामा ठुलो दलको नेताको हैसियतमा सरकार बनाउने हकमा बाधा पुगेकोले माननीय उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने गरी भएको मिति २०८०।३।२१ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी ऐं. संविधानको धारा १६८(३) बमोजिम गरी निवेदकलाई प्रदेश सभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतले सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी बहस जिकिर गर्नु भयो। साथै यिनै विषयहरु समावेश भएको निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री अमर थापा र अधिवक्ता श्री राजाराम घिमिरेले पेश गर्नु भएको लिखित बहस नोटसमेत अध्ययन गरियो ।

८. प्रत्यर्थी प्रदेश प्रमुखको तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता डा. श्री दिनमणी पोखरेल, विद्वान नायव महान्यायाधिवक्ताहरु श्री सञ्जिवराज रेग्मी, डा. श्री टेकबहादुर घिमिरे र श्री विश्वराज कोइराला र विद्वान सहन्यायाधिवक्ता श्री गोविन्द खनालले कोशी प्रदेश सभाका बहुमत माननीय सदस्यहरुको समर्थनसहित माननीय उद्धव थापाले मुख्यमन्त्रीका लागि पेस भएको दावीमा प्रदेश प्रमुख विश्वस्त भएपछि मुख्यमन्त्रीमा नियुक्ति गरिएको अवस्था हो। नेपालको संविधानको धारा १७६ को उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्ति भएको मितिले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने र बहुमत भए नभएको सोही बखत परीक्षण हुने भएकोले यो विषय संसदबाट परीक्षण हुन दिइनुपर्छ । सभामुख बाबुराम गौतमले नेपाल कम्युनिष्ट पार्टी माआवादीको तर्फबाट हस्ताक्षर गरेको होइन। माननीय उद्धव थापालाई समर्थन गरिएको नेपाल कम्युनिष्ट पार्टी माआवादीको पत्रमा १२ जना नै सो दलका प्रदेश सभा सदस्यको समर्थन रहेको उल्लेख भएको र सभामुख बाबुराम गौतमले तल विवरणमा छुट्टै प्रदेशसभाका स्वतन्त्र सदस्यका हैसियतले हस्ताक्षर गरी समर्थन गरेको अवस्था हो । प्रदेश सभामा प्रस्ताव पेश हुँदा मत बराबर भई मत दिएको अवस्था होइन । सभामुखलाई प्रदेश सभामा पेस भएका प्रस्तावको पक्ष वा विपक्षमा मतदान गर्न रोकेको हो तर सरकार गठनका लागि समर्थन गर्न रोकेको होइन। मुख्यमन्त्री नियुक्ती भएको मितिले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिने समय बाँकी छदै आएको यो निवेदन अपरिपक्व अवस्थाको भएकाले यसका आधारमा कोशी सरकार गठनको विषयमा न्यायिक पुनरावलोकन गर्न मिल्दैन । विकल्प भएसम्म धारा १६८(२) बमोजिमकै सरकार गठनको प्रक्रियामा जानु पर्ने यस अदालतबाट स्थापित

न्यायिक सिद्धान्त रहेको छ । यसअघि निवेदक आफै मुख्यमन्त्री हुनुहुन्थ्यो । उहाँले विश्वासको मत नपाएपछि स्वभाविकरुपमा संविधानबमोजिम अर्को सरकार गठनको आह्वान भएको हो । धारा १६८(३) बमोजिम निवेदकले नै प्रदेश सभामा ठूलो दलको नेताको हैसियतमा सरकार बनाउने र विश्वासको मत प्राप्त गर्ने आधार पनि नरहेको स्थितिमा धारा १६८(२) बमोजिम सरकार गठनका लागि भएको आह्वान संविधान अनुकूल रहेको छ । सरकार गठनमा समर्थन गर्दा सभामुखको निष्पक्षता र तटस्थताको भूमिकामा प्रश्न उठ्दैन किनभने सभामुख निष्पक्ष र तटस्थ रहने भनेको प्रदेश सभाको बैठक र सो बैठकको काम कारवाहीका सन्दर्भमा देखिने हो । सरकार बन्ने कुरा दलले पाएको संसद सदस्य संख्याले निर्धारण गर्छ । ने.क.पा. माओवादी केन्द्रवाट कोशी प्रदेश सभामा १३ जना सदस्य निर्वाचित भएको र त्यसमध्ये बाबुराम गौतम सभामुखमा चयन भएकोमा विवाद छैन । सभामुख हुनलाई प्रदेश सभाको सदस्य हुनुपर्ने तर सभामुखमा चयन भएपछि सदस्यको पद जाने व्यवस्था पनि छैन ।यस हिसावले सभामुखले सरकार गठनमा समर्थन जनाउन संवैधानिक अड्चन छैन । कोशी प्रदेश सरकार गठनका सन्दर्भमा कोशी प्रदेश प्रमुखले महान्यायाधिवक्तासँग राय लिई धारा १६८(२) वमोजिम सरकार गठनका लागि गरेको आह्वान संविधानसम्मत रहेकोले रिट खारेज गरियोस् भनी वहस जिकिर गर्नुभयो ।

९. प्रत्यर्थी प्रदेश सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्रबहादुर बस्नेतले सभामुखले सरकार बनाउन समर्थन गर्न मिल्छ । धारा १६८(३) को अवस्था विद्यमान छैन । प्रदेश प्रमुख विश्वस्त भएमा मुख्यमन्त्री नियुक्ति गर्न सक्ने व्यवस्था हो । प्रदेश प्रमुख विश्वस्त हुने आधार मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखसमक्ष माननीय उद्धव थापाले पेस गरेको दावी पत्रमा निजलाई प्रदेशसभाका बहुमत ४७ जना सदस्यले गरेको समर्थन नै हो । सभामुखले सो दावीमा प्रदेश सभाका स्वतन्त्र सदस्यका हैसियतले सही गरेको उल्लेख छ । सरकार नै बन्न नसक्ने अवस्थामा मध्यावधि निर्वाचनमा जान नपरोस् भनेर नै असल नियतले समर्थन गरेको र सो दावीका आधारमा माननीय उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने निर्णय संविधानसम्मत भएकाले रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

१०. प्रत्यर्थी मुख्यमन्त्रीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री महादेवप्रसाद यादव, श्री गोपालकृष्ण घिमिरे, श्री सिताराम के.सी., श्री प्रेमबहादुर खड्का, श्री यदुनाथ खनाल, श्री मुक्तिनारायण प्रधान, श्री जगन्नाथ ढकाल, विद्वान् अधिवक्ताहरु श्री खम्बबहादुर खाती, श्री ज्ञानेन्द्रप्रसाद अधिकारी, श्री लक्ष्मीकुमारी चौधरी, श्री सेमन्त दाहाल र प्रत्यर्थी सभामुखको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरु डा. श्री विजयप्रसाद मिश्र, श्री रमनकुमार

श्रेष्ठ, श्री उपेन्द्रकेशरी न्यौपाने, श्री शंकर सुवेदी, विद्वान् अधिवक्ताहरु श्री पेशलकुमार न्यौपाने, श्री एगराज पोखरेल र श्री दिपेन्द्र झाले प्रदेश सभाका सभामुख बाबुराम गौतमले कोशी प्रदेश सभाको सदस्यका हैसियतले माननीय उद्धव थापालाई मुख्यमन्त्रीमा समर्थन गरेको अवस्था हो। कोशी प्रदेश सभामा दलहरूको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति उत्पन्न हुन लागेको अवस्थामा नेपालको संविधानले प्रदेश सभाको सभामुखले सरकार गठनको प्रक्रियामा सहभागी हुन रोक लगाउने संवैधानिक व्यवस्था गरेको नदेखिएको अवस्थामा सरकार गठनको लागि प्रदेश सभा सदस्यको हैसियतले असल नियतले कुनै आग्रह पूर्वाग्रह नराखी सरकार गठनमा सहयोग गरेको स्थिति हो। कोशी प्रदेश सरकार गठन भई पूर्णता प्राप्त गरी सकेको अवस्था छैन। कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने चार राजनीतिक दलको समर्थनमा कोशी प्रदेश सरकारका मुख्यमन्त्रीमा संविधानको धारा १६८(२) बमोजिम प्रदेश प्रमुखद्वारा मिति २०८० साल असार २१ मा माननीय उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्त गर्नु भएको अवस्थासम्म हो। नेपालको संविधानको धारा १६८(४) बमोजिम मुख्यमन्त्रीले ३० दिनभित्र (२०८० साल श्रावण २० गतेसम्ममा) विश्वासको मत दिनु पर्ने संवैधानिक व्यवस्था छ। यसरी नेपालको संविधानको धारा १६८(२) बमोजिम नियुक्त हुनुभएको मुख्यमन्त्रीको धारा १६८(४) बमोजिम "विश्वासको मत" दिने समयवधि छँदाछँदैको अपरिपक्व अवस्थामा रिटक्षेत्रबाट प्रवेश गर्ने मिल्दैन। मुख्यमन्त्रीको रुपमा विश्वासको प्राप्त गर्न सक्छन् वा सक्दैन भन्ने तथ्यको परीक्षण माननीय उद्धव थापाले नेपालको संविधानको धारा १६८(४) बमोजिम विश्वासको मत लिएपश्चात् मात्र निक्यौंल हुन्छ। सरकार गठनका लागि समर्थन गरेबाट सभामुखले पद अनुकूल आचरण नगरेको भनी निवेदनमा उल्लेख गरेको छ । पद अनुकूल आचरण नगरेको भए प्रदेश सभा नियमावली, २०७४ को नियम १६५ को व्यवस्थाबमोजिम उजुरी वा प्रस्ताव सभामा पेस गर्न सक्नेमा सो केही नगरी वैकल्पिक उपचारको मार्ग अवलम्वन नगरी रिट निवेदन दिएको छ । संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकार गठनको एकपछि अर्को विकल्पको खोजी हुनु पर्ने भन्ने सिद्धान्तअनुरुप नेकपा (एमाले) कोशी प्रदेश संसदीय दलका नेता माननीय हिक्मतकुमार कार्कीको पूर्ववर्ती सरकारले कोशी प्रदेश सभामा बहुमत प्राप्त गर्न नसकेपश्चात् वैकल्पिक सरकार गठनको निमित्त माननीय उद्धव थापालाई नेपालको संविधानको धारा १६८(२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यको रुपमा मुख्यमन्त्रीको रुपमा नियुक्त गरिएको हुँदा रिट खारेजभागी छ भनी गर्नु भएको बहस जिकिरसमेत सुनियो।

११. प्रस्तुत विवादमा निरुपण गर्नुपर्ने प्रश्नहरुमा प्रवेश गर्नुपूर्व विवादको पृष्ठभूमि र घटनाक्रमबारे संक्षिप्त चर्चा गरी २०७९ मंसिर ४ को निर्वाचनसम्म पुग्नु आवश्यक देखिन्छ। तत्कालीन १ नम्बर प्रदेश (हाल कोशी प्रदेश) मा २०७९ साल मंसिर ४ मा सम्पन्न निर्वाचनमा सो प्रदेशको प्रदेश सभाको कुल ९३ सदस्यमध्ये नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट ४०, नेपाली कांग्रेसबाट २९, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट १३, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ६, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) बाट ४ र जनता समाजवादी पार्टी नेपालबाट १ सदस्यहरु प्रदेश सभामा निर्वाचित भई कुनै पनि दललाई बहुमत प्राप्त हुन नसकेको, तत्पश्चात् नेपालको संविधानको धारा १६८(२) बमोजिम मिति २०७९।९।२४ मा रिट निवेदक श्री हिक्मतकुमार कार्कीको नेतृत्वमा प्रदेश सरकार गठन भएको र संवैधानिक आवश्यकताअनुरुप सो सरकारले नेपालको संविधानको धारा १६८(४) बमोजिम विश्वासको मत प्राप्त गरी केहि समय काम पनि गरेको रहेछ। तत्पश्चात् सो प्रदेशमा विकसित राजनीतिक घटनाक्रमको कारण कार्की सरकारले विश्वासको मत लिनुपर्ने अवस्था सिर्जना भई मिति २०८०।०३।१४ मा कोशी प्रदेश सभामा विश्वासको मतका निम्ति प्रस्ताव पेश गरिएको र ऐ. असार १५ गते सो प्रस्ताव निणयार्थ पेश गरिएको रहेछ। सो प्रस्तावमा मतदान हुँदा प्रदेश सभामा कायम रहेको कुल प्रदेश सभा सदस्य संख्या ९३ को बहुमत अर्थात् कम्तीमा ४७ मत प्राप्त गर्नुपर्नेमा विद्यमान सरकारलाई ४६ मत मात्र प्राप्त भई मुख्यमन्त्री श्री हिक्मत कुमार कार्कीले पेश गरेको प्रस्ताव अस्वीकृत हुन गएको रहेछ। तत्पश्चात् कोशी प्रदेशका प्रदेश प्रमुखले सो प्रदेशमा नयाँ सरकार गठनको लागि मिति २०८०।०३।१७ गते नेपालको संविधानको धारा १६८(२) बमोजिम भनी मिति २०८०।०३।२१ गते बेलुकी ५ बजेसम्ममा दावी पेश गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा सो भन्दा बढी राजनीतिक दलहरुलाई आह्वान गर्नुभएको रहेछ। सोही क्रममा प्रत्यर्थीमध्येका श्री उद्धव थापाको नेतृत्वमा विभिन्न दलका ४६ जना प्रदेश सभाका सदस्य र कोशी प्रदेश सभाका सभामुख श्री बाबुराम गौतमले समेत समर्थन गरेको र ४७ जना सदस्यको समर्थन रहेको भनी प्रदेश प्रमुखले श्री उद्धव थापालाई कोशी प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्त गर्नुभएको रहेछ। सो कार्य संविधान विपरीत भयो भनी प्रस्तुत रिट निवेदन दर्ता हुन आएको पाइयो।

१२. उपर्युक्त सन्दर्भमा मिसिल कागज अध्ययन गरी, निवेदक तथा प्रत्यर्थीहरुको तर्फबाट गरिएको बहससमेत सुनी र पेश हुन आएका बहस नोटहरुको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मुख्य गरी देहायका विषयमा निर्णय दिनु पर्ने देखियो:

क. कोशी प्रदेश सरकार गठनका लागि माननीय सभामुख श्री बाबुराम गौतमले समर्थन जनाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि श्री उद्धव थापाले पेश गर्नु भएको दावी र तदनुसार प्रदेश प्रमुखबाट गरिएको नियुक्ति कार्य संविधान अनुकूल छ, छैन? निज सभामुखले सरकार गठनका लागि गरिएको प्रस्तावमा समर्थन जनाउन मिल्ने हो वा होइन ?

ख. नेपालको संविधानको धारा १६८ (२) बमोजिम सरकार गठन भई धारा १६८ (४) बमोजिम विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन भै आएकोमा पछि विकशित घटनाक्रमको सन्दर्भमा संविधानको धारा १८८(२) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम अर्को सरकार गठन गर्न मिल्छ वा मिल्दैन ?

ग. प्रदेश सभाका सदस्य माननीय श्री उद्धव थापालाई कोशी प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त गरिएको कार्य संविधानसम्मत् छ वा छैन ? रिट निवेदकको मागबमोजिम रिट आदेश जारी हुने वा नहुने के हो ?

१३. सर्वप्रथम कोशी प्रदेश सरकार गठनका लागि माननीय सभामुख श्री बाबुराम गौतमले समर्थन जनाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि श्री उद्धव थापाले पेश गर्नु भएको दावी र तदनुसार प्रदेश प्रमुखबाट गरिएको नियुक्ति कार्य संविधान अनुकूल छ, छैन; निज सभामुखले सरकार गठनका लागि गरिएको प्रस्तावमा समर्थन जनाउन मिल्ने हो वा होइन भन्ने प्रश्नतर्फ हेर्दा, यो प्रश्नको निरुपण संवैधानिक विधिशास्त्र, संसदीय अभ्यास समेत उपर विहङ्गम दृष्टि राखी गर्नु पर्ने देखिन्छ। सो गर्दा उल्लेखित प्रश्नसँग सभामुखको संवैधानिक भूमिका के हो, यस सन्दर्भमा संसदीय लोकतन्त्र अनुशरण गर्ने देशहरुमा के कस्तो अभ्यासहरु गरिएको वा परिपाटी बसालिएको रहेछ, दक्षिण एशियाका हाम्रा छिमेकी देशहरुमा के कस्ता संवैधानिक व्यवस्थाहरु गरिएका रहेछन र नेपालको संविधानले सभामुखलाई तोकेको भूमिका के कसरी निर्वाह गर्नु स्वस्थ संवैधानिक परम्पराको विकासको दृष्टिबाट उपयुक्त देखिन्छ भन्ने आदि प्रश्नहरु पनि उब्जिन्छन। यी प्रश्नहरुबारे चर्चा गरेपछि मात्र कोशी प्रदेश सभाका सभामुखले सरकार गठनको लागि कसैलाई समर्थन गर्न मिल्छ वा मिल्दैन, सभामुखको समर्थनबेगर कसैको पनि सरकार बन्न नसक्ने स्थितिमा सम्बन्धित प्रदेश सभाको सदस्यको हैसियतले सरकार गठनमा सकारात्मक भूमिका खेल्न मिल्छ वा मिल्दैन भन्नेबारे चर्चा गर्दै र कोशी प्रदेशका सभामुखले गरेको समर्थन र मुख्य मन्त्रीको नियुक्ति संविधान अनुकूल छ वा छैन भन्ने मूल प्रश्नमा प्रवेश गर्नु उचित हुने देखिन्छ।

१४. सामान्यरुपमा हेर्दा संसदीय लोकतन्त्र अपनाएका मुलुकहरुमा संघीय प्रतिनिधिसभाको होस् वा प्रदेश सभाको नै किन नहोस्, सभामुख सम्बन्धित सभाको अध्यक्ष तथा सो सभाको स्वतन्त्रता र स्वायत्तताको रक्षक र पदीय निष्पक्षताको पालक हुन्छ। निजले आफू अध्यक्ष रहेको सभाको प्रमुख व्यक्ति र प्रवक्ताको रुपमा काम गर्छ। सभाको अध्यक्षताको अतिरिक्त निजले सभाको तर्फबाट गरिनुपर्ने विधेयकहरुको प्रमाणीकरण, पत्राचार वा सञ्चार गर्ने कार्य पनि गर्दछ[१]।

१५. संसदीय व्यवस्थाको चर्चा गर्दा यसको जननी बेलायततर्फ अक्सर फर्केर हेर्ने गरिन्छ। बेलायतमा सभामुखको पद र निजसँग सम्बन्धित संस्था संसदीय लोकतन्त्र जत्तिकै पुरानो छ। बेलायतको लामो संदसीय इतिहास हेर्दा यद्यपि सो मुलुकमा सभामुखको भूमिका सधैं एकै प्रकारको रहेको पाइदैन। तर विभिन्न उतार चढाव झेल्दै वर्तमान अवस्थासम्म आइपुग्दा राज्यका तीन अङ्गमध्ये विधिको शासनको हिसावबाट सवैभन्दा महत्वपूर्ण अङ्गको रुपमा संसदलाई रुपान्तरण गराउन सभामुखको भूमिका उत्प्रेरक रहेको पाइन्छ[२]। शुरुमा सभामुखले राजा र कमन्सको बीचको सम्पर्क सेतुको रुपमा कार्य गरेको भएपनि आज उनी संसदको अध्यक्षता गर्ने मुल व्यक्ति र प्रवक्ता हुन् भन्ने मानिन्छ। ऐतिहासिक विकासक्रमलाई संक्षिप्तमा राख्दै सुवास काश्यापले भनेका छन:

> In the early days, when the House of Commons was a petitioning, rather than a law-making body, the Speaker's main function was to sum up the case of both sides at the end of debate and present the views of the House to the Crown. He was thus the spokesman or the 'Speaker' of the Commons before the Crown. Paradoxically, the Speaker seldom speaks today. If he speaks, he speaks for the House and not to it.[३]

१६. वर्तमानमा बेलायतमा सभामुखलाई संसदीय मञ्चको एउटा सदृश्य एवं महत्वपूर्ण पात्रको रुपमा हेरिन्छ[४]। उनको मुख्य भूमिका हाउस अफ कमन्सको कारवाहीको अध्यक्षता निष्पक्षतापूर्वक गर्ने हो। सभामुखको पदमा निर्वाचित भएपछि उसले दलगत आवद्धता छोडछ[५]। यो परम्परा बेलायतमा मात्र नभै बेलायती संसदीय लोकतन्त्रसँग नजिक रहेका

---

[१] उदाहरणको लागि नेपालको संविधानको धारा ११०(४) धारा १९८(४) अन्तर्गत कुनै विधेयक अर्थ विधेयक हो वा होइन भन्ने कुराको निर्णय, त्यसैगरी धारा ११३ र २०१ अन्तर्गत विधेयक प्रमाणित गर्ने कुरा सभामुखले गर्दछ।

[२] The first member known as Speaker was Sir Thomas Hungerford in 1376, although it seems clear that individual members presided over the early mediaeval House before then, perhaps as early as Peter de Montfort in Henry III's 'Mad Parliament' at Oxford in 1258. The title of Speaker (Mr Speaker or Madam Speaker, as he or she is always referred to in the House) comes from the ancient position of official spokesman of the Commons to the monarch. In the days when sovereign and Commons were frequently at odds, this aspect of the job was rather more arduous than today, and more hazardous: between 1471 and 1535, six Speakers were executed. See Robert Rodgers and Rhodri Walters HOW PARLIAMENT WORKS (8th ed. Nicolas Besly and Tom Goldsmith eds, Routledge, 2019) at p 47

[३] Subash Kashyap, THE SPEAKER'S OFFICE, (Sipra Publicaitons Delhi 2001) p. 1

[४] Supra note 2 at p. 47 stating "The Speaker of the House of Commons is the most visible player on the parliamentary stage. His 'Order, order' opens every parliamentary day in the chamber; he is usually in the Chair for the stormiest parliamentary events, and he is the representative of the House on occasions of state ceremony, sorrow and rejoicing. Not only does the Speaker have the task of chairing the House; he is also an influential figure in most aspects of the way that the House and its administration are run."

[५] Id at p 48-49

मुलुकहरुमा पनि कायम रहेको पाइन्छ[६]। यद्यपि सभामुखको निर्वाचन सम्बन्धित सभाका सदस्यमध्ये बाटै हुन्छ, तापनि जब सभामुखको पदमा निर्वाचित हुन्छ उ दलगत राजनीतिबाट माथि उठ्छ र सबै दलहरु प्रति समभावले व्यवहार गर्छ भन्ने अपेक्षा गरिन्छ। सोही परिवर्तित भूमिकाको कारण सभामुखले संसदीय छलफलमा भाग लिने कार्य गर्दैन। साथै मत बराबर भई निर्णायक मत दिनुपर्ने अवस्था भएमा बाहेक उसले मतदानमा पनि भाग लिदैन। सभामुखद्वारा निर्वाह गरिने यो भूमिका उपसभामुख र सभाको अध्यक्षता गर्ने अन्य व्यक्तिहरुको हकमा पनि लागु हुन्छ।

१७. यहि प्रसँगमा दक्षिण एशियाका हाम्रा छिमेकी मुलुकहरुमा सभामुखको भूमिकाबारेमा के कस्तो ब्यवस्था र परम्परा कायम गरिएको रहेछ भनी हेर्दा भारतको संविधानको धारा १०० मा हामी कहाँ जस्तै व्यवस्था गरिएको पाइन्छ। संसदको एकल वा संयुक्त सत्रमा पेश गरिएको प्रस्ताव सभामुख वा सभाको अध्यक्षता गर्ने व्यक्तिको सहभागितावेगर नै बहुमत भएमा मात्र पारित हुन्छ। सभामुख वा अध्यक्षता गर्ने व्यक्तिले पहिलो चरणमा भोट हाल्दैन, यदि मत बराबर भएमा दोस्रो चरणमा निर्णायक मत दिने स्पष्ट व्यवस्था गरिएको छ[७]। करिव करिव त्यस्तै व्यवस्था बंगलादेश[८], श्रीलंका[९] र पाकिस्तान[१०] को संविधानमा गरिएको छ। सभामुखको भूमिकाबारेमा भारतमा केहि परम्परा पनि बसालिएको पाइन्छ[११]। उदाहरणको लागि विधायिकी सभाको अध्यक्षले कुनै प्रस्तावमा आफ्नो निर्णायक मत यथास्थितिको पक्षमा दिनुपर्छ; परिवर्तन चाहने व्यक्तिले सदनलाई संझाउन सक्नुपर्छ भनिएको[१२] त्यसै गरी उपसभामुखले विधेयकको पक्षमा निर्णायक मत दिएको[१३] वा अध्यक्षता गर्न छाडी सदनमा हुने छलफलमा भाग लिएकोमा आलोचना गरिएको पाइन्छ[१४]। यी

---

६ भारतमा यो परम्परा स्वतन्त्रतापूर्व नै अनुशरण गरिएको थियो जसबारे सुवास काश्यप भन्छन: The President of the Assembly should be above party politics and impartial in conducting the business of the House. Upon his election, the President should cease to be a party man. He becomes a servant of the House and he had to devote all his time to the duty of his office....President of the Assembly does not usually take part in the debate and does not vote. In case of a deadlock he may use his casting vote in favour of the status quo. The members proposing a new Bill or wanting to change should convince the House. Id at p 19

७ Constitution of India, Art 100 (1) Save as otherwise provided in this Constitution, all questions at any sitting of either House or joint sitting of the Houses shall be determined by a majority of votes of the members present and voting, other than the Speaker or person acting as Chairman or Speaker. The Chairman or Speaker, or person acting as such, shall not vote in the first instance, but shall have and exercise a casting vote in the case of an equality of votes.

८ बंगलादेशको संविधान १९७२ धारा ७५(१)(ख)

९ हेर्नुहोस् श्रीलंकाको संविधान धारा ७२

१० पाकिस्तानको संविधान धारा ५५(१)

११ सुभास कास्यपले यो परम्पराको चर्चा गर्दा भारतीय स्वतन्त्रता पुर्व Legislative Assembly का सभापति र स्वतन्त्रता पछि लोकसभामा बसालिएका परम्परालाई आफ्नो पुस्तकमा समेटेका छन्।

१२ "The President of the Assembly should be above party politics and impartial in conducting the business of the House. Upon his election, the President should cease to be a party man. He becomes a servant of the House and he had to devote all his time to the duty of his office....President of the Assembly does not usually take part in the debate and does not vote. In case of a deadlock he may use his casting vote in favour of the status quo. The members proposing a new Bill or wanting to change should convince the House." Subash Kashyap, supra note 3 at p. 19

१३ On September 1, 1938 Deputy President (Akhil Chandra Datta) of the Assembly cast his vote on the Motor Vehicle Bill, which was criticized by the President Sir Abdur Rahim. He ruled that the action of the Deputy President was not correct. See Id at p 23.

१४ During the time of Mr M Ananthasayanam Aayenger (as speaker) a convention was developed to the effect that the participation by the speaker in the deliberation of the House by vacating the chair is not in order ( 19 Nov 1959) See ID at p 139

परम्परा विकसित गरिनुमा सरकारले आफ्नो वहुमतको आधारमा संसदमा निर्णय गरोस् नकी सभामुखको निर्णायक मतको आधारमा भन्ने हो। यस्तो दृष्टिकोण र परम्परा बेलायतमा पनि कायम छ। संभवत: भारतमा कायम गरिएको परम्परा यहि बेलायती परम्पराबाट सुसूचित रहेको हुन सक्छ[१५]। संक्षेपमा भन्दा कारवाहीमा स्वच्छता र निष्पक्षता सभामुखको पदका अन्तरतत्व हुन्; लामो समय दलगत राजनीति गरेका व्यक्तिहरुलाई व्यवहारमा आफ्नो दलसँगको आबद्धता छाड्न कठिन हुन्छ तर यो चुनौतिको सक्षमतापूर्वक निर्वाह गर्नुमा नै उसको स्वीकार्यता र प्रतिष्ठा टिकेको हुन्छ। यस बारेमा ब्यारोनेस वुथ्रोड (Boothroyd) को देहायको भनाई सान्दर्भिक देखिन्छ;[१६] उनी भन्छिन:

"Fairness and impartiality are the qualities which, above all, members expect to find in the Speaker and which will secure their support and respect. When you have been committed all your adult life to the ideals and policies of one party, impartiality is a quality that you have to work at. But if you cannot put aside partisanship you have no right to even think of becoming Speaker.[१७]

१८. तुलनात्मक संवैधानिक कानून र अभ्यासको चर्चापछि अब नेपालको सन्दर्भमा हेर्दा, संसदीय लोकतन्त्रमा अपनाइएको मुलभूत परिपाटी र परम्पराहरुको अनुशरण गर्दै नेपालको संविधानको धारा ९९ र धारा १८६ मा गरिएको व्यवस्था अनुसार सम्बन्धित सभामा निर्णयको लागि पेश हुने प्रस्तावमा सो सभाको अध्यक्षता गर्ने व्यक्तिले मत बराबर भएको अवस्थामा निर्णायक मत दिने बाहेक सो प्रस्तावको पक्ष वा विपक्षमा मतदान गर्न रोकेको पाइन्छ। सभामुखको तटस्थ भूमिकाबारे संविधानको धारा २९९ को उपधारा (५) मा अझ स्पष्टरुपमा **"सभामुख वा उप सभामुखले यस संविधानबमोजिम आफ्नो कार्यसम्पादन गर्दा कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा नरही तटस्थ व्यक्तिको हैसियतले गर्नेछ"** भनिएको छ। यद्यपि यो संक्रमणकालीन र संविधान जारी हुँदाका बखत कायम रहेको "व्यवस्थापिका संसद" को बारेमा गरिएको व्यवस्था हो, तर यो प्रावधानले सभामुखको भूमिका र उसले कार्यसम्पादनको क्रममा गर्नुपर्ने व्यवहारबारे संविधान निर्माणकर्ताहरुको सोच र दृष्टिकोणलाई स्पष्टसँग राखेको छ। त्यस मानेमा संक्रमणकालीन हुँदाहुँदै पनि यो व्यवस्था सर्वकालीक महत्वको एवं संघीय र प्रदेश सभा दुवैको लागि निर्देशक रहेको भनी मान्न सकिन्छ। हो, अन्यत्र जस्तै सभामुखले मतदान गर्ने एउटा थप व्यवस्था पनि हाम्रो संविधानमा गरिएको छ। संविधानको धारा ९१ को उपधारा (७) र १८२ को उपधारा

---

१५ ...the Chair will vote 'aye' on a casting vote on the second reading of a bill, because the bill can continue its progress and be amended if the House wishes. But the Chair will vote 'no' if the vote on the third reading is tied, because that is the moment at which the Commons approves the bill, and the law should not be changed except by a majority of the House. If the vote is on a motion for the adjournment, the Chair votes 'no' in order to allow the House to proceed with other business. See supra note 2 at p 55-56

१६ ब्यारोनेस वुथ्रोड सन् १९९२ देखि सन् २००० सम्म हाउस अफ कमन्को सभामुख थिइन्

१७ The Rt. Hon. Baroness Boothroyd, *The Role of the Speaker in the 20th Century*, Parliamentary History 2010 **https://doi.org/10.1111/j.1750-0206.2009.00131.** hbbro https://onlinelibrary.wiley.com/doi/abs/10.1111/j.1750-0206.2009.00131.xttpAT

(७) बमोजिम सभामुखले आफ्नो पद अनुकूलको आचरण नगरेको भन्ने प्रस्तावको छलफलमा भाग लिन र मतदान गर्न पाउँछ। तर त्यस्तो अवस्थामा उसले सम्बन्धित सभाको अध्यक्षता गरिरहेको हुँदैन।

१९. बहुदलीय व्यवस्थामा संसदको कारवाहीलाई दलीय द्वन्द्वबाट मुक्त राख्न र संसदको कानून निर्मात्री भूमिका र राष्ट्रिय महत्वका अन्य विषयहरुमा संसदमा छलफल र निर्णय गर्दा संसदले दलीय स्वार्थभन्दा माथि उठेर राष्ट्रिय दृष्टिकोण अंगिकार गरी निर्णय गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा सभामुखले सकारात्मक उत्प्रेरक, हस्तक्षेपकर्ता एवं मेलमिलापकर्ताको परिणाममुखी भूमिकासमेत निर्वाह गर्नुपर्ने हुन्छ। यस दृष्टिबाट पनि संविधानले सभामुखलाई दलगत राजनीतिभन्दा माथि राख्न खोजेको देखिन्छ। सभामुखले आफ्नो भूमिका निष्पक्षतापूर्वक निर्वाह गरोस् भनेर नै उसका कर्मचारीहरुको पनि अलग्गै सेवा कायम गरिएको पाइन्छ। यसैकारण हामीकहाँ महासचिव वा सचिवको नियुक्ति सभामुखको सिफारिसमा राष्ट्रपति वा प्रदेश प्रमुखले गर्ने र संसद सेवालाई अन्य निजामती सेवाभन्दा अलग राखिएको कुरा बुझ्न सकिन्छ[१८]।

२०. उल्लिखित संवैधानिक व्यवस्थाहरुको रोहमा अब विवादित विषय हेर्दा, प्रस्तुत विवादमा कोशी प्रदेश सरकार गठनका लागि माननीय सभामुख श्री बाबुराम गौतमले समर्थन जनाउनु भएको र सो समर्थन व्यहोरालाई समेत ग्रहण गरी माननीय प्रदेश प्रमुखले प्रत्यर्थी श्री उद्धव थापालाई मिति २०८०/३/२१ मा कोशी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नु भएको पाइन्छ। प्रदेश सभाका सभामुखको पद राजनीतिकरुपमा तटस्थ र निष्पक्ष रहनु पर्ने, निजले कुनै पनि प्रकारको राजनीतिक पक्षधरता कायम गर्न नहुने पदको रुपमा रहेको देखिन्छ। प्रदेश सभाको तथा सभामुखको निर्वाचनका सन्दर्भमा निजको कुनै राजनीतिक दलसँग आवद्धता रहेको भएपनि सभामुखको पदमा निर्वाचित भैसकेपछि निजको दलीय आवद्धता कायम नरही निजको हैसियत स्वतन्त्र र तटस्थ अवस्थाको रहन्छ; रहनु पर्दछ। प्रदेश सभाका सबै राजनीतिक दलहरु र सदस्यहरु प्रति सभामुखले समदुरी र समान व्यवहार कायम राख्नु पर्ने हुन्छ। सभामुखले प्रदेश सभामा रेफ्री (Referee) वा अम्पायर (Umpire) प्रकृतिको भूमिका निर्वाह गर्नु पर्दछ। यही कुरालाई दृष्टिगत गरेर नै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३(१)(क) मा प्रतिनिधिसभाको सभामुख वा उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्ष, प्रदेश सभाको सभामुख वा उपसभामुख पदमा निर्वाचित भएको कारण देखाई कुनै सदस्यले सम्बन्धित दलको सदस्यबाट राजीनामा दिएमा पनि निजले दलत्याग गरेको नमानिने व्यवस्था गरिएको

[१८] नेपालको संविधान धारा १०६, १०७ तथा धारा १९५

पाइन्छ[१९]। प्रत्यर्थी सभामुखले पनि मिति २०७९।०९।२८ मा प्रदेश सभाको सभामुखमा निर्वाचित भईसकेपछि मैले आफू आबद्ध रहेको दलको आबद्धतासँग अलग भएको भनी लिखित जवाफमा उल्लेख गर्नुभएको छ, सभामुखको रुपमा आफूले निर्वाह गर्नुपर्ने भूमिकालाई बुझेर नै वहाँले त्यसो गर्नुभएको होला भनी अनुमान गर्न सकिन्छ। सभामुख वा सभाध्यक्षलाई निष्पक्ष र तटस्थ राख्ने अभिप्रायले नै नेपालको संविधानको धारा १८६ मा अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार नहुने, तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिने व्यवस्था गरिएको हो। कुनै खास राजनीतिक दल वा कुनै दलका सदस्यलाई समर्थन गर्नुको स्वभाविक अर्थ एउटासँग विशेष सम्बन्ध र अन्यसँग भिन्न प्रकारको सम्बन्ध कायम राखेको भन्ने हुन जाने भएबाट यस्तो व्यवहार अपेक्षित रहदैन।

२१. आफ्नो लिखित जवाफमा प्रत्यर्थी सभामुखले कोशी प्रदेश सभामा दलहरूको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति उत्पन्न हुन लागेको अवस्थामा नेपालको संविधानले प्रदेश सभाको सभामुखले सरकार गठनको प्रक्रियामा सहभागी हुन रोक लगाउने संवैधानिक व्यवस्था गरेको नदेखिएको भन्दै सरकार गठनको लागि प्रदेश सभा सदस्यको हैसियतले असल नियतले कुनै आग्रह पूर्वाग्रह नराखी सरकार गठनमा सहयोग गरेको हो भन्ने जिकिर लिनुभएको छ। प्रत्यर्थीहरु तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले सभामुखले राजनीतिक दलको तर्फबाट समर्थन गरेको नभई प्रदेश सभा सदस्यको हैसियतले समर्थन गरेको हो; सभामुख हुनलाई प्रदेश सभाको सदस्य हुनुपर्छ तर सभामुखमा चयन भएपछि सदस्यको पदबाट मुक्त भएको मानिने व्यवस्था छैन; यस हिसाबले सभामुखले सरकार गठनमा समर्थन जनाउनमा संवैधानिक अड्चन छैन भन्ने आदि तर्क पनि गर्नुभएको छ। कोशी प्रदेश सभामा कुनै पनि राजनीतिक दलको बहुमत नरहेको कुरा माथि उल्लेख भएकै छ। तसर्थ दलहरूको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति उत्पन्न हुन लागेको भन्ने प्रत्यर्थी सभामुखको अनुमान वा अड्कललाई अन्यथा भनी हाल्नुपर्ने अवस्था छैन। सरकार गठन र सञ्चालनमा राजनीतिक दलहरुको बीच जुन सहकार्य र समझदारीको अपेक्षा संविधानले गरेको छ सो कोशी प्रदेशमा नरहेको कुरा घटनाक्रमहरुले देखाएका पनि छन्। आम चुनाव भएको एक वर्ष नवित्दै यस्तो परिस्थिति आउनुलाई संवैधानिक स्थिरता र स्वस्थ संवैधानिक परम्पराको विकासको दृष्टिबाट कदापि उचित मान्न सकिन्न। यस स्थितिमा प्रत्यर्थी सभामुखले सरकार गठन होस् भनी असल नियतले कार्य गरेको भन्नेमा पनि शंका गरी हाल्न जरुरी देखिँदैन।

[१९] यस्तो व्यवस्था छिमेकी भारतमा संविधानको दसौं अनुसूचीको दफा ५ उपयुक्त व्यवस्था राखी गरिएको छ।

तर यहाँ प्रश्न परिस्थितिको आङ्कलन वा असल नियतको होइन, प्रश्न संविधानका व्यवस्था वा संसदीय लोकतन्त्रका मान्यताहरुले वहाँलाई त्यस्तो सक्रियता वा अझ भनौ मैदानमा रेफ्रीको भूमिका छाडेर आफैले गोल हान्न उद्दत रहने अनुमति दिन्छन वा दिदैनन् भन्ने हो।

२२. हामीले अपनाएको संसदीय लोकतन्त्रले संघीय वा प्रदेश तहमा बहुमतको सरकार गठनको अपेक्षा गरेको छ। संसदमा प्रतिनिधित्व गर्ने जनताका प्रतिनिधिहरुले सम्भावना भएसम्म संसदभित्र बाटै दलगत र व्यक्तिगत तहमा समेत बहुमतको सरकार गठन् गर्ने सम्भावना खोज्नुपर्छ भन्ने मान्यता संविधानको धारा ७६ र १६८ ले राखेको देखिन्छ। तर यो सबै प्रक्रियाबाट संविधानले सभामुखलाई अलग राखेको छ। निज सरकार गठनमा होइन संसद वा प्रदेश सभाको सञ्चालनमा केन्द्रित रहनुपर्छ। दलीय प्रतिस्पर्धा सहिरुपमा परिचालित हुन नसक्दा संसदमा पटकपटक असहज परिस्थितिहरु सिर्जना भैरहेको घटनाक्रमले देखाइरहेको वर्तमान अवस्थामा संसदको सदस्यबाट सभामुखको पदमा निर्वाचित भैसक्रेपछि निजले सदनको सदस्यको होइन सम्पूर्ण सभाको सभाध्यक्षको भूमिका सक्षमतापूर्वक निर्वाह गर्ने तर्फ केन्द्रीत रहने हो। यस्तो भूमिकामा केन्द्रीत नरहदा संवैधानिक विचलन आउन सक्छ। नियुक्तिका लागि समर्थन गर्नेले अविश्वासको प्रस्तावको समर्थनमा पनि समर्थन गर्न पाउने अवस्था आई पर्दछ। संसदीय अभ्यासको तुलनात्मक अध्ययनबाट समेत सरकार गठन प्रक्रियामा सभामुखले समर्थन जनाएको दृष्टान्त पाउन सकिएन। सरकार गठनका लागि सहयोग गर्ने वा अन्य यस्तै कुनै कारण देखाएर सभामुखले निष्पक्ष र तटस्थ रहनु पर्ने सम्बन्धी संसदीय अभ्यासको मर्म, मूल्य, मान्यता प्रतिकूलका काम वा व्यवहार गर्न मिल्दैन। संविधानमा सभामुखले मुख्यमन्त्री नियुक्तिका सन्दर्भमा समर्थन जनाउन हुँदैन भनी किटानीरुपमा उल्लेख गरिएको नभएपनि निजले मत दिन पाउने सीमित अवस्थाका सम्बन्धमा नेपालको संविधानको धारा १८६, धारा १८२ को उपधारा (७) मा रहेको प्रकृतिको अपवादस्वरुपको प्रावधानले सभामुखलाई त्यस प्रकारको अधिकार वा अनुमति प्रदान गरेको देखिँदैन। सभामुखको पदमा बहाल रहेको व्यक्तिले प्रदेश सभा सदस्यको पनि हैसियत रहेको भनी छुट्टै थप वा दोहोरो भूमिकाको दावी गर्न मिल्दैन। अर्को शव्दमा निजले सभामुखको भूमिकामा सीमित रहनु पर्दछ। प्रत्यर्थी सभामुख श्री बाबुराम गौतमले श्री उद्धव थापालाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि प्रदेश प्रमुखसमक्ष बहुमत सदस्य रहेको देखाउने प्रयोजनका लागि पेश गरिएको प्रस्ताव (दावीपत्र) मा हस्ताक्षर गरी जनाएको समर्थन संवैधानिक विधिशास्त्र, संवैधानिक नैतिकता, संसदीय अभ्यास र नेपालको संविधानमा रहेका प्रावधानसमेतका दृष्टिले उचित, वैद्य र स्वीकार्य देखिएन। निज सभामुखले सरकार गठनका लागि गरिएको प्रस्तावमा समर्थन जनाउन मिल्ने नदेखिएबाट निजको

समर्थनसहितको प्रस्ताव नै त्रुटिपूर्ण देखिन आयो। त्यस प्रकारको त्रुटिपूर्ण प्रस्ताव (दावीपत्र) लाई स्वीकार गरी प्रदेश प्रमुखबाट मिति २०८०/३/२१ मा गरिएको नियुक्तिसमेत नेपालको संविधानको धारा १६८ को उपधारा (२), राजनीतिक दल सम्बन्धी ऐन र संवैधानिक विधिशास्त्र अनुकूल देखिएन।

२३. अब, नेपालको संविधानको धारा १६८(२) बमोजिम सरकार गठन भई धारा १६८(४) बमोजिम विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन भै आएको क्रममा पछि विकसित घटनाक्रमको सन्दर्भमा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम अर्को सरकार गठन गर्न मिल्छ वा मिल्दैन भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा, नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम रिट निवेदक हिक्मतकुमार कार्कीको नेतृत्वमा २०७९ पौषमा सरकार गठन भई उसै बखत धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरेको र सरकार सञ्चालन भै आएको कुरामा विवाद देखिएन। केही महिना सरकार सञ्चालन भएपछि विकसित घटनाक्रमको कारण निजले संविधानको धारा १८८ को (२) र (३) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने अवस्था आएअनुसार प्रदेश सभामा परीक्षण हुँदा निजले विश्वासको मत प्राप्त गर्न नसकेको भन्ने देखिएको छ। तत्पश्चात् संविधानको धारा १६८(२) बमोजिम वैकल्पिक सरकार गठनको लागि श्री उद्धव थापाले पेश गर्नुभएको दावी नै त्रुटिपूर्ण रहेको र त्यस्तो प्रस्ताव (दावीपत्र) लाई स्वीकार गरी प्रदेश प्रमुखबाट मिति २०८०/३/२१ मा गरिएको नियुक्तिसमेत नेपालको संविधानको धारा १६८ को उपधारा (२) समेतका कानून र संवैधानिक विधिशास्त्र अनुकूल देखिएन भन्ने कुरा माथि उल्लेख भैसकेको छ।

२४. संसदको विश्वास प्राप्त सरकारद्वारा देशमा शासन व्यवस्था सञ्चालन हुनु नै संसदीय प्रणालीको विशेषता रहने सन्दर्भमा समेत एउटा सरकारले प्रदेश सभाको विश्वास पाउन नसकेपछि सोही बिन्दुबाट प्रदेश सभाको विश्वास प्राप्त गर्न सक्ने अर्को सरकारको गठन हुनु सर्वथा संविधानसम्मत् र संसदीय प्रणालीको स्थापित परम्परा र मान्यताअनुरुप हुन्छ। संसद विघटनको सन्दर्भमा उठेका विवादहरुमा यस अदालतले *रविराज भण्डारी*[२०] देखि *शेरबहादुर देउवा*[२१] सम्म संसदभित्र विकल्प रहेसम्म संसदभित्र बाटै सरकार गठनको प्रक्रिया गरिनुपर्छ भन्ने मान्यता राखी आदेशहरु जारी गरेको अवस्था छ। संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठन गर्ने प्रक्रिया नै त्रुटिपूर्ण रहेकोबाट उपधारा (४) को प्रक्रियामा जानुपूर्व नै प्रस्तुत रिट निवेदन दर्ता भई अन्तरिम आदेश जारी भएको अवस्था समेत छ। यस अवस्थामा संविधानको धारा १६८ को उपधारा (२)

---

[२०] रवि राज भण्डारीसमेत वि. प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत ने.का.प. स्वर्ण जयन्ती विशेषाङ्क २०५२ पृ.१

[२१] शेरबहादुर देउवासमेत विरुद्ध राष्ट्रपतिको कार्यालय ने.का.प. संवैधानिक इजलास खण्ड २०७९ नि.नं.००२८ पृ ६२

बमोजिम अर्को सरकार गठन गर्न नमिल्ने कुनै उचित कारण देखिएन। संविधानको धारा १६८ को उपधारा (२), (३) तथा धारा १८८ को उपधारा (२) को बनौट लगायत संवैधानिक अभ्यासको दृष्टिले हेर्दा पनि सरकार गठनका लागि उक्त धारा १६८(२) बमोजिमको विकल्प रहेसम्म सो विकल्प अपनाउनु नै मनासिव हुन्छ। यो कुरा प्रतिनिधिसभाको विघटन सम्बन्धमा यस अदालतले लिएको दृष्टिकोण अनुकूल पनि हुन्छ। संविधानको धारा १६८ को उपधारा (३) मा "प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने" प्रावधान रहेको छ। धारा १६८ को उपधारा (२) बमोजिमको विकल्प संविधानसम्मत् तबरबाट अपनाउँदा सो प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त हुन नसकेमा वा नियुक्त भएपनि निजले विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा उपधारा (३) बमोजिम प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। तसर्थ, जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि भएको हो, सोही अवस्थाबाट संविधानसम्मत् तबरले प्रक्रिया अगाडि बढाउनु मनासिव हुने भएकाले विवादित विषयका सन्दर्भमा अहिलेको अवस्थामा संविधानको धारा १६८(२) बमोजिम सरकार गठन गर्नु नै संविधानसम्मत् हुने देखियो। धारा १६८ को उपधारा (२) बमोजिम "मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा" वा "त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा" प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नु पर्ने प्रावधानको पालना गर्नु पर्ने अवस्था रहन्छ। सो पूर्व धारा १६८ को उपधारा (२) को प्रक्रिया नै त्रुटिपूर्ण देखिएको अवस्था हुँदा प्रस्तुत विवादमा उपधारा (२) बमोजिमको प्रक्रिया शुरु गर्नु संविधानको शव्द, मर्म र भावना अनुकूल हुने देखिन्छ।

२५. अब, अन्त्यमा **प्रदेश सभाका सदस्य माननीय श्री उद्धव थापालाई कोशी प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त गरिएको कार्य संविधानसम्मत् छ वा छैन; रिट निवेदकको मागबमोजिम रिट आदेश जारी हुने वा नहुने के हो** भन्नेतर्फ हेर्दा, माथि विभिन्न प्रकरणमा गरिएको विश्लेषणबाट कोशी प्रदेशका सभामुखसहित ४७ जना प्रदेश सभाका सदस्यको समर्थन रहेको भन्ने दावी पत्र लिई कोशी प्रदेश प्रमुखबाट श्री उद्धव थापालाई मुख्यमन्त्रीको पदमा नियुक्त गरेको कार्य त्रुटिपूर्ण देखियो। यस्तो कार्य संवैधानिक व्यवस्था एवं मान्यता, हामीले विकास गर्न खोजेको स्वस्थ संवैधानिक अभ्यास र संवैधानिक

नैतिकताको दृष्टिबाट पनि बाञ्छित देखिएन। अतः यसमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरुका नाममा देहायबमोजिमको आदेश जारी गरिएको छः

(क) मुख्यमन्त्री पदमा प्रत्यर्थीमध्येका श्री उद्धव थापालाई नियुक्तिका लागि प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको दावीपत्रमा प्रत्यर्थी माननीय सभामुख श्री बाबुराम गौतमले हस्ताक्षर गरी जनाउनु भएको समर्थन, यसरी पेश भएको त्रुटिपूर्ण दावीपत्रलाई मान्यता दिई प्रदेश प्रमुखबाट श्री उद्धव थापालाई कोशी प्रदेशको मुख्यमन्त्री पदमा मिति २०८०/३/२१ मा गरिएको नियुक्ति र तत्सम्बन्धमा भए गरिएका काम कारवाहीहरु नेपालको संविधान प्रतिकूल देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

(ख) नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम अर्को सरकार गठन गर्ने विकल्प रहेसम्म सो विकल्प अपनाउनु वाञ्छनीय देखिएको, उक्त धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठन गर्न मिल्ने नै अवस्था रहेको र जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि भएको हो, सोही अवस्थाबाट संविधानसम्मत् तबरले प्रक्रिया अगाडि बढाउनु मनासिव हुने देखिएको हुँदा आजका मितिले सात दिनभित्र (२०८०/४/१७ गतेभित्र) नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नु भनी प्रत्यर्थी कोशी प्रदेशका प्रदेश प्रमुखसमेतको नाममा परमादेश जारी हुने ठहर्छ।

(ग) उपरोक्त प्रकरण (ख) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा धारा १६८ को उपधारा (३) बमोजिम मुख्यमन्त्री नियुक्त हुने नै भएकाले रिट निवेदकको मागबमोजिम अहिले नै निज रिट निवेदकलाई "सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु" भनी रिट आदेश जारी गरिरहन परेन।

२६. प्रस्तुत आदेश प्रत्यर्थीहरुको जानकारी तथा कार्यान्वयनका लागि सबै प्रत्यर्थीहरुलाई तथा महान्यायाधिवक्ताको कार्यालयलाई एक/एक प्रति प्रतिलिपि पठाई दिनू। यस सम्बन्धमा यसै इजलासबाट संक्षिप्त आदेश जारी भई तद्नुरुप पत्राचार समेत भइसकेको हुँदा थप केही गरिरहन परेन।

२७. यो आदेश यस अदालतको विद्युतिय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

(आनन्द मोहन भट्टराई)
न्यायाधीश

उक्त रायमा हामीहरुको सहमती छ।

(तिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

इजलास अधिकृत (उप-सचिव): टीका बहादुर थापा
अनुसन्धान सहयोगी: प्रान्जली कडेल (इन्टर्न)
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०८० साल साउन ११ गते रोज ५ शुभम् ------------------------------- ।